# १६ औं गाउँसभा – आर्थिक वर्ष २०८२/८३

# नीति तथा कार्यक्रम

अदानचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

श्रीनगर, हुम्ला ।

CamScanner



**सुशासन, सामाजिक न्याय र चौतर्फि विकासः समृद्ध अदानचुली हाम्रो विश्वास**

**सभाका पार्षद सदस्य ज्यूहरु,**

अदानचुली गाउँपालिकाको यस गरिमामय १६ औं गाउँ सभामा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्न पाउँदा अत्यन्त खुशी र गौरवको अनुभूति गरेको छु । ऐतिहासिक संविधान सभाबाट बनेको नेपालको संविधान २०७२ जारी भए पश्चात् उक्त संविधानबाट स्थानिय तहको पुर्न संरचना भई स्थापित यस अदानचुली गाउँपालिकाको अध्यक्षको रुपमा चौथो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा थप उत्साहित भएको छु ।

यस अवसरमा राष्ट्रलाई संघीय लोकतान्त्रीक गणतन्त्रात्मक प्रणालीमा अग्रसर गराउन विभिन्न कालखण्डमा आफ्नो प्राणको आहुती दिने सम्पूर्ण ज्ञात तथा अज्ञात शहिदरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । साथै यस गाउँपालिका तथा सिंगो राष्ट्रको उन्नती र समृद्धिका लागि योगदान पुर्‍याउनु भएका अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस नीति तथा कार्यक्रम तर्जुमाका आधारका रुपमा नेपालको संविधान, कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना दिग्दर्शन २०७८, कर्णाली प्रदेश सरकारको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र यस गाउँपालिकाले विगतमा सञ्चालन गरेका कार्यक्रमहरुको प्रभावकारितालाई लिएको छु ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

# क्षेत्रगत नीतिहरु

सभाका सदस्यहरु,

अब म आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि देहाय बमोजिमका क्षेत्रगत नीतिहरु सम्मानित सभामा प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकास

समुन्नत नेपाल र सुखी नेपालीको राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई आत्मसात गर्दै "**समृद्ध कर्णाली सुखारी कर्णाली बासी**" भन्ने अभियानलाई सार्थक वनाउनको लागि श्रम, सीप प्रविधि र पूँजीको व्यवस्थित परिचालन गर्नु पर्दछ । गरीबी, भोकमरी, असमानता आदिको अन्त्य गरी दिगो विकास गर्नको लागि जल, जमिन, जङ्गल, जडिवुटी र जनशक्तिको उचित प्रयोग र परिचालन गर्दै कृपि, पशुपालन, पर्यटन, व्यापार/व्यवसाय मार्फत आर्थिक क्षेत्रको विकासमा मुख्य जोड दिन जरुरी छ । आर्थिक क्षेत्रका विकासका निम्ति निम्न बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

### १.१ कृपि तथा पशुपंक्षी विकास

१. कृपिको माध्यमवाट आय आर्जन एवं स्वरोजगार सिर्जनाको लागि ओखर पकेट क्षेत्र अवधारणालाई निरन्तरता दिदै ओखरको उत्पादनलाई वृद्धि गरिनेछ ।

२. अदानचुली गाउँपालिकामा उत्पादन हुने फलफुल भण्डारण तथा बजारीकरण गरी आर्थिक वृद्धि हासिल गर्न विशेप जोड दिईनेछ ।

३. ओखर, स्याउ, आलु, केरा कपास, र तरकारी उत्पादनलाई व्यावसायिक बनाउने कार्यमा जोड दिईनेछ ।

४. स्थानीय जातका चौपाया संरक्षण तथा प्रवर्द्धन गरि सेवाको बिस्तार गरिनेछ ।

५. गाउँपालिकाभित्र उत्पादित वस्तुहरूको संकलन केन्द्र स्थापना गरिने र बजारीकरण तथा मूल्य श्रृंखलामा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

६. कृपकहरुलाई कृपिजन्य बिउ तथा विरुवाको अभाव हुन नदिन मिनि किट वितरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

७. स्थानीय चिनो, कागुनो, कोदो लगायतका रैथाने बालीहरुको उत्पादन तथा बजारीकरणलाई ध्यान दिई प्रवर्द्धन गरिनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

८. पशुपंक्षीमा आकस्मिक रुपमा देखिने विभिन्न किसिमका रोगहरुको रोकथाम तथा निवारणको लागि प्रत्येक वडामा पशु स्वास्थ्य शिविर तथा वेसिक भेटेनरी (**BASIC VETERINARY LAB**) र ओ. पि. डि. (**OPD**) संचालन गरिनेछ ।

## १.२ पर्यटन विकास

१. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी ति स्थलहरुसम्म सडकको पहुँच पुऱ्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. हुम्ला कर्णाली र मुगु कर्णालीको संगम स्थल दोमुख लाई मानसरोवर तथा हुम्ला जिल्लाको मुख्य पर्यटकिय द्वारको रुपमा विकास गरिनेछ ।

३. जडीबुटी, प्राकृतिक दृश्य र सांस्कृतिक सम्पदालाई पर्यटन सँग जोड्ने योजना तर्जुमा तथा संचालन गरीनेछ।

४. पालिकाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरको रुपमा रहेका अदानचुलीलाई परिचित गराउन सहयोग पुर्याउने पर्यटकिय स्थलहरु जस्तै **अदानचुली माई, राई ढुङ्गा, चोखे, झाडमाडु, विभिन्न गुम्बाहरु** लगायतको पहिचान प्रवर्द्धन तथा आवश्यक संरक्षण गरिनेछ ।

५. वृक्षारोपण, सरसफाइ, प्लास्टिकमुक्त क्षेत्र अभियान संचालन गरिनेछ ।

## १.३ रोजगारी प्रवर्द्धन र सीप विकास

१. मिसन रोजगारी, दिगो उद्यमशिलता, परम्परागत सिप प्रवर्द्धन गरी आर्थिक समृद्धी हासिल गरिनेछ ।

२. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी दिलाउन **अदानचुली अध्यक्ष रोजगार कार्यक्रम** संचालन गरिनेछ ।

३. सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराउनका लागि प्राप्त शर्षत अनुदान बजेटमा लागत साझेदारी गरी सामुदायिक आयोजना सञ्चालन गरिनेछ ।

४. सकेसम्म बैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने यदि जानु नै पर्ने बाध्यता भए वैदेशिक रोजगारीबाट फर्किएका, जान चाहेका व्यक्तिहरु तथा तिनका घर परिवारहरुको लागी सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी आयोजना रोजगार सेवा केन्द्र अन्तर्गत सञ्चालन गरि वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. गाउँपालिका भित्र संचालन हुने सामुदायिक पूर्वाधार निर्माण कार्य तथा निजी निकायमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई अनिवार्य सहभागिता गराइनेछ ।

६. आ.व. २०८२।०८३ देखि रोजगार सेवा केन्द्रबाट एकिकृत श्रम तथा रोजगार सेवा सञ्चालनलाई प्राथमिकताका दिदै राष्ट्रिय रोजगार कार्यक्रमको रुपमा अगाडी बढाईनेछ ।

७. उद्यमशील युवा तथा महिला समूहलाई अनुदान र सीप विकास तालिम प्रदान गरि सहकारी र निजी क्षेत्रमार्फत लघु उद्योग स्थापना र प्रवर्द्धन गरीनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

८. महिला, बालबालिका, दलित, जनजाति र पिछडिएका वर्गहरूलाई लक्षित कार्यक्रम सञ्चालनेछ ।

# २. सामाजिक विकास, वातावरण तथा विपद व्यवस्थापन

## २.१ शिक्षा

१. विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवं हुने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुर्याइनेछ । यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्याको आधारमा थप कार्यक्रमहरु अगाडि बढाउने नीति लिइनेछ । गाउँपालिका भित्रका सवै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थिहरुका लागि प्राविधिक शिक्षाको छात्रवृति दिने व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिका भित्रका विद्यालयहरुमा अनिवार्य रुपमा स्थानीय पाठ्यक्रम लागु गरिनेछ ।

३. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

४. कक्षा ५ र कक्षा ८ को परीक्षालाई गाउँपालिका स्तरीय रुपमा व्यवस्थित गरीनेछ । गाउँपालिका क्षेत्र भित्रका न्यून नतिजा ल्याउने शिक्षक, कमजोर व्यवस्थापन देखिएका प्रधानाध्यापकहरुलाई सुक्ष्म व्यवस्थापनको माध्यमबाट कार्य सम्पादनको आधारमा परिवर्तन ल्याउने कार्ययोजना निर्माण गरिनेछ । गाउँपालिकाका सबै विद्यालयहरुमा अध्यापन गराउने शिक्षकहरुको सम्बन्धीत विद्यालयको प्रधानाध्यापक सँग र प्रधाननाध्यापकहरुको गाउँपालिकासँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्थालाई लागु गरिनेछ । विद्यालय सुधारमा उल्लेखनीय कार्य गर्ने प्रधानाध्यापकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

५. शैक्षिक उपलव्धी, विद्यालयको शैक्षिक सुधार तथा समग्र विद्यालयको विकासको आधारमा विद्यालय र शिक्षकलाई प्रोत्साहित गर्नका लागि उत्कृष्ट शिक्षक र कर्मचारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ।

६. कक्षा १ देखि ३ कक्षासम्मको अंग्रेजी माध्यम वनाइने साथै विद्यालयको आवश्यकता र माग बमोजिम ४ र ५ कक्षा लाई सम्वोधन गर्दै लगिनेछ ।

७. विद्यालयमा शैक्षिक अनुशासन टेवा पुर्याउन तथा विपद् पूर्व तयारीको लागि स्काउट कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

८. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न भूगोल, विद्यार्थी संख्या आदिको आधारमा **कक्षा, तह** वा **विद्यालय समायोजन** तथा दरबन्दी मिलान गरिनेछ ।

९. बालमैत्री शिक्षण सिकाईका लागि आवश्यक शैक्षिक सामग्री व्यवस्थापन सहित बालमैत्री शिक्षण सिकाईलाई प्रोत्साहन गरिनेछ ।

१०. शैक्षिक सामग्री सहितको शिक्षणलाई प्रोत्साहन सहितको अन्तर विद्यालय शैक्षिक सामग्री प्रर्दशनीको कार्यलाई जोड दिइनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

११. विद्यालयहरुको व्यवस्थापन सुधार तथा शैक्षिक अभिवृद्धिका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था गरिनेछ ।

## २.२ स्वास्थ्य

१. अदानचुलीबासीको स्वास्थ्यमा सुधार गरी **"स्वास्थ्य जीवनको पूर्वाधार: खुसी अदानचुलीवासीको मूल आधार"** लाई मध्यनजर गर्दै गाउँपालिकामा स्वास्थ्य सम्बन्धि सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बाल स्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण, सामुदायिक स्वास्थ्य जस्ता रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ । साथै सरोकारवाला संघसंस्थाहरुसँग सहकार्य गरी स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२. नसर्ने रोगको प्रकोप न्यूनीकरणका लागि स्वास्थ प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ । साथै निदानात्मक र उपचारात्मक सेवालाई विस्तार गर्न गाउँपालिका भित्र विशेपज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । दीर्घ रोगहरुको अवस्था पत्ता लगाउन स्क्रिनिङ कार्यक्रमहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। स्वस्थ अदानचुली अभियानलाई निरन्तरता दिईनेछ।

३. समुदायमा स्वास्थ्य प्रवर्द्धनमा उल्लेखनिय भुमिका निर्वाह गरिरहनु भएको महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

४. खोप कार्यक्रमलाई प्रभावकारी बनाउन वर्षै भरी विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ।

५. विद्यार्थीहरुमा स्वास्थ्य सम्बन्धि ज्ञान अभिवृद्धि गर्नका लगि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

६. महामारीको रुपमा आउने रोगहरुको तत्काल प्रतिक्रियाको लागि द्रुत प्रतिकार्य टोली (RRT) निर्माण, परिचालन गर्नुका साथै विपद् व्यवस्थापनको तयारीको लागि प्राथमिक उपचार, उद्दार तालिमहरुको सञ्चालन गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुको सेवा, क्लिनिकहरु तथा भौतिक संरचनाहरुलाई स्तरोन्नती गरिदै लगिनेछ । साथै किशोरकिशोरी मैत्री, पोषणमैत्री स्वास्थ्य संस्था क्रमशः निर्माण गरिदै लगिनेछ।

८. गाउँपालिका भित्र सञ्चालनमा रहेका औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ । कानून बमोजिम सञ्चालनमा नभएका औषधी पसलहरुलाई कानून अनुसार कारवाही प्रक्रिया तत्काल सुरु गरिनेछ ।

९. गाउँपालिका भित्र घुम्ति प्रयोगशाला परिक्षणको निरन्तरता तथा थप प्रयोगशाला आवश्यकताको संभाव्यता अध्ययन गरिनेछ ।

१०. सबै स्वास्थ्य संस्थाबाट न्युनतम सेवा मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निः शुल्क उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

११. पूर्णखोप सुनिश्चितता वडा तथा गा.पा.को अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्था सुनिश्चित गरिनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

१२. स्वास्थ्य संस्थाहरु तथा बर्थिङ्ग सेन्टर प्रभावकारी बनाउनका लागि **सिमुलेशन रुमको** प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१३. नागरिक आरोग्य केन्द्र मार्फत जडिबुटी, योग तथा आयुर्वेद सम्बन्धी जनचेतनामूलक तालिमहरु सञ्चालन गरिनेछ ।

१४. सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुको स्वास्थ्य लाई मध्यनजर गर्दै वर्षै भरी विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।

१५. गुणस्तरीय तथ्याङ्क प्राप्त गर्नका लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरु बाटै तथ्याङ्क प्रविष्ट गर्ने व्यवस्था मिलाइनेछ ।

## २.३ खानेपानी तथा सरसफाई

१. संघीय सरकारको सहकार्यमा श्रीनगर बृहत खानेपानी विस्तार गरी अदानचुलीबासीको आधारभूत आवश्यकता पूरा गर्न आवश्यक अध्ययन तथा योजना निर्माण गरी संचालन गरिनेछ ।

२. गाउँपालिकाभित्रका पुराना मुल पँधेरा तथा जलाधार क्षेत्रको मर्मत सम्भार र संरक्षण गरिनेछ ।

## २.४ विपद व्यवस्थापन

१. गाउँपालिकाभित्र बाढी तथा भूक्षयको जोखिममा रहेको क्षेत्रहरुमा क्षतिको न्यूनीकरण गर्न आवश्यकता अनुसार क्षति रोकथाममा टेवा पुर्याउने खालका बिरुवा रोपण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. गाउँपालिकाभित्र बाढी तथा भूक्षयको जोखिममा रहेको क्षेत्रहरुमा क्षतिको न्यूनीकरण गर्न आवश्यकता अनुसार तार जालीको व्यवस्था गरिनेछ ।

३. भू संरक्षण तथा जलाधार व्यवस्थापनको सम्वन्धमा अन्य बाह्य सरोकारित निकायसँग समन्वय गरि थप संरक्षणका कार्यक्रम तय गरिनेछ ।

४. जलाधार व्यवस्थापनको सम्बन्धमा स्वच्छ खानेपानीको मुहान संरक्षण तथा नदि कटानको जोखिम क्षेत्रमा तटवन्धन गरिनेछ ।

५. विपद व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरिय द्रुत प्रतिकार्य टोली (Rapid Response team) तथा विपद व्यवस्थापन समितिलाई प्रभावकारी वनाईनेछ ।

६. आकस्मिक रुपमा आईपर्ने विपद बाट हुने क्षतिको यथार्थ एकिन गरी राहात प्रदानका लागि गाउँपालिकामा आकस्मिक विपद कोषको स्थापना गरिनेछ ।

मोहन विक्रम सिंह

## ३. पूर्वाधार विकास

### ३.१ सडक तथा पुल

१. गाउँपालिकाको केन्द्र देखि सबै वडा कार्यालयको केन्द्र सम्म सहज पहुँच हुने गरी ग्रामीण सडक सञ्जाल विस्तार गरिनेछ । निर्माणाधीन झोलुंगे पुलहरू सम्पन्न गरि दिगो रुपमा संञ्चालन गर्न विशेष जोड दिईनेछ तथा नयाँ आवश्यक स्थानमा पुल प्रस्ताव गरिनेछ।

२. संघीय सरकारको सहकार्यमा हुम्ला जिल्लाकै पहिलो गल्फागाड देखि श्रीनगर सम्म कालोपत्रे सडक निर्माण गरिनेछ ।

३. गाउँपालिकाभित्र बनेका पूर्वाधारहरुको व्यवस्थापन र दिगोपनाको लागि मर्मत संभार प्रणालीलाई उचित ढंगले व्यवस्थित गरिनेछ।

४. गाउँपालिकामा मर्मत संभार कोषको कार्यविधि बनाई रकम खर्च गर्ने व्यवस्था मिलाईनेछ।

## ३.२ जलश्रोत, विद्युत, उर्जा तथा सिंचाई

१. कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न वडा नं. २ र ३ मा लिफ्ट सिँचाई योजनाको आवश्यक अध्ययन गरी निर्माण तथा संचालन गरिनेछ ।

२. अदानचुली बासीमाझ विद्युतको पहुँच पुऱ्याउन गाउँपालिकामा राष्ट्रिय प्रसारण लाइन जडान गर्ने कार्यलाई समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

३. गाउँपालिका भित्र उत्पादित लघु-जलविद्युतलाई संरक्षण गर्दै उक्त उत्पादित लघु-जलविद्युतलाई खानेपानी, लिफ्टिङ्ग लगायत अन्य बैकल्पिक क्षेत्रमा प्रयोग गर्न संभाव्यता अध्ययन गरी निर्माण कार्य शुरु गरिनेछ।

### ३.३ भवन तथा आवास निर्माण र मर्मत संभार

१. गाउँपालिकाभित्र स्तरीय खेलमैदान, सभागृह, कभर्डहल तथा रङ्गशाला निर्माणका लागि सरोकारवाला सँग समन्वय र सहकार्य गरिनेछ।

२. संघीय सरकारको सहकार्यमा आवश्यक अध्ययन तथा DPR निर्माण गरी अदानचुली गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य तिव्र रुपमा संचालन गरी सम्पन्न गर्न जोड गरिनेछ ।

३. रणनीतिक अस्पताल निर्माणको लागि जग्गा प्राप्ति गरी निर्माण कार्यको लागि प्रदेश तथा संघीय सरकार सँग समन्वय तथा सहकार्य गरिनेछ ।

४. निर्माण सम्पन्न भएका सम्पूर्ण शिक्षा, स्वास्थ्य तथा वडा कार्यालयका RCC भवनहरुलाई संचालनमा ल्याईनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

५. भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरुको भवन निर्माण लगायत पूर्वाधार संरचनाहरु (शौचालय, पुस्तकालय,छात्रावास, कम्पाउण्डीङ, खेलमैदान) को निर्माण कार्यलाई संघ, प्रदेश र अन्य दातृ निकायहरुसँगको सहकार्यमा निरन्तर अगाडी बढाइनेछ ।

## ३.४ अन्य पूर्वाधार विकास

१. ग्रामिण क्षेत्रका गाउँवस्ती हुँदै खेत जंगल जोड्ने परम्परागत घोडेटो लगायतका सिढी बाटाहरु र पर्यटकीय क्षेत्रका पदमार्गहरुलाई परम्परागत पहिचान गरी नयाँ निर्माण एवम् मर्मत सम्भार गरी स्तरउन्नोति गरिनेछ ।

२: गाउँपालिका एवम् संघ र प्रदेश सरकारको साझेदारीमा यस गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माणलाई उच्च प्राथमिकता दिइनेछ ।

३. गाउँपालिकालाई दक्ष जनशक्तिमा आत्म निर्भर बनाउन तथा गुणस्तरयुक्त निर्माण कार्य गरी दिगोपना ल्याउन आधारभूत तथा विषयगत तालिमहरु संचालन गरिनेछ ।

४. गाउँपालिकाको विकास आयोजनाहरुमा अधिकतम् जनसहभागिता गराई कामप्रति उत्तरदायी र अपनत्वको भावनाको विकास गर्न लागत सहभागिताका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

# ४. संस्थागत विकास तथा सेवा प्रवाह

१. सेवाग्राहीलाई कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, सहजीकरण गर्ने आदी कार्यका लागि सहायता कक्षलाई स्थापना गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

२. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक सुनुवाई** कार्यक्रम संचालन गरिनेछ ।

३. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार बमोजिम गाउँपालिकालाई आवश्यक ऐन, नियम र कार्यविधिहरु जारी तथा संशोधन गर्ने कार्यलाई आर्थिक वर्ष २०८२/०८३ मा निरन्तरता दिइनेछ । ऐन नियमहरु तर्जुमा गर्दा सरोकारवाला पक्ष र विज्ञहरुको सुझाव तथा प्रशिक्षण लिने नीति लिइनेछ ।

४. समान सहभागिता, पारदर्शिता, जवाफदेहिता, कानुनको शासन र अनुमान योग्यता जस्ता सुशासनका आधारभूत पक्षहरुलाई पालिकाका सबै क्रियाकलापहरुमा आन्तरिकरण गरिनेछ ।

५. संस्थाको सक्षमता अभिवृद्धि गर्न डिजिटल कर्णालीको अवधारणालाई आत्मसात गरी विद्युतीय शासनको सुरुवात गरिनेछ ।

६. राजस्व संकलन पूर्ण रुपमा Online प्रणाली **SUTRA** मा समावेश गरी संस्थाको आन्तरिक आयलाई सुदृढ गरिनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

७. स्थानीय व्यवसायहरूको दर्ता प्रक्रिया सहज बनाइने र सबै व्यवसायलाई गाउँपालिका प्रणालीमा आवद्ध गरिने।

८. अदानचुली गाउँपालिकाले व्यक्तिगत घटना दर्ताको सर्वमान्य सिद्धान्त अनुसार यसलाई स्थायी , अविच्छिन्न तथा अनिवार्य कार्यको रुपमा थप सुदृढिकरण गरी निरन्तरता दिईनेछ ।

९. नेपाल सरकारका अत्यन्त लोकप्रिय दुई ठूला कार्यक्रमहरु : समाजिक सुरक्षा अन्तर्गत **नगद प्रवाह** र व्यक्तिहरुको डिजिटल पहिचान स्थापना गर्ने बहुउपयोगी **राष्ट्रिय परिचय पत्र** वितरण कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

१०. नागरिक वडास्तरमै सेवा पाउने व्यवस्था, अनलाइन सेवा प्रणालीको सुदृढीकरणमा जोड गरिनेछ।

११. लेखा परीक्षण प्रतिवेदन बाट प्राप्त राय तथा सुझावहरुलाई आत्मसात गरी गाउँपालिका बाट प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरिय बनाई जनताको जीवनस्तरमा सुधार ल्याउन गाउँपालिकाले कानून तथा नीति निर्माण, स्रोत साधनको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा सुधार गरीनेछ ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरुः**

प्रस्तुत नीति तथा कार्यक्रम तयारी प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्षज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, तथा कर्मचारीहरूमा विषेश धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा राजनैतिक दलका प्रतिनिधिज्यूहरू, पदाधिकारीज्यूहरूको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुर्याउनु हुने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता, सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनीतिक दल, गाउँ कार्यपालिकाका पदाधिकारी, गाउँ सभाका सदस्य, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरू, कर्मचारी एवम् आम अदानचुली बासीको संयुक्त प्रयास आवश्यक छ । सदा झै अदानचुलीबासी र सबै सरोकारवालावाट सहयोग प्राप्त भइरहने आशा एवम् विश्वास लिएको छु ।

धन्यवाद ।

मोहन विक्रम सिंह
अध्यक्ष

१० आषाढ, २०८२
मोहन विक्रम सिंह
सभाध्यक्ष

CamScanner

## खण्ड च) मुख्य कार्यक्रमहरु र विनियोजित बजेट

अध्यक्ष महोदय तथा गाउँसभाका सदस्य ज्यूहरु,

अव म आगामी २०८२।०८३ मा सञ्चालन गरिने मुख्य कार्यक्रमहरु र विनियोजित बजेट विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१३७. आगामी आ. व. ०८२।०८३ को लागि अदानचुली गाउँपालिकाको लागि रु. ३४ करोड ३७ लाख ९९ हजार ७२३ रुपैयाँ विनियोजन गरेको छु ।

१३८. कुल विनियोजन मध्ये चालू तर्फ रु २२ करोड १५ लाख ९५ हजार ७ सय २३ रुपैयाँ र पुँजीगत तर्फ १२ करोड २२ लाख ४ हजार रुपैयाँ विनियोजन गरेको छु ।

१३९. संघिय सरकारवाट ससर्त चाँलु अनुदानवाट प्राप्त रु १० करोड ५० लाख रुपैयाँ र प्रदेश सरकारवाट शसर्त चालू तर्फ २ करोड ७० लाख विनियोजन भएको चालू खर्चको अंश वढी देखिएको

१४०. गाउँपालिकाको पुंजीगत वजेट कुल ५ करोड ५७ लाख ४ हजार ३७६ रुपैयाँ लाई क्षेत्र गत रूपमा तपसिल विषयतर्फ बाँड फाँड गरिएको छ।

क) आर्थिक विकास तर्फ रु ३ करोड ८ लाख ७२३

ख) सामाजिक विकास तर्फ रु ३ करोड ५० लाख ९९ हजार

ग) पूर्वाधार विकास तर्फ रु ६ करोड ९० लाख

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु ५ करोड २० लाख

ङ) सुशासन तथा संस्थागत विकास तर्फ रु १५ करोड ६९ लाख रकम विनियोजन गरेको छु ।

१४१. गाउँपालिकामा समायोजन हुन आउने विभिन्न विषयगत कार्यालयहरू तथा विकास साझेदारहरू बाट प्राप्त हुने वजेट प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ।

१४२. आगामी आर्थिक वर्षको लागि आय तर्फ खर्च व्यहोर्ने स्रोत मध्ये



मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

क) संघिय सरकारको बाँडफाँडबाट प्राप्त राजश्व अनुदान तर्फ रु ७ करोड ५६ लाख ९५ हजार ५ सय ९९ रुपैयाँ तथा प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर राजश्व रु ११ लाख ९ हजार १ सय २४ पैया

ख) संघिय सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान वाट रु.७ करोड ५ लाख र प्रदेश सरकारबाट प्राप्त हुने वितिय समानीकरण अनुदान रु ८१ लाख ८४ हजार

ग) संघिय सरकारवाट प्राप्त हुने शसर्त चाँलु अनुदान रु.१० करोड ५० लाख

घ) संघिय सरकारवाट प्राप्त हुने विशेष अनुदान पूंजीगत अनुदान रु १ करोड २७ लाख र समपुरक अनुदान पूंजीगत तर्फ ८१ लाख रकम प्राप्त भएको छ भने प्रदेश सरकारवाट शसर्त चाँलु अनुदान रु १० लाख ९१ हजार प्रदेश सरकारवाट शसर्त पूंजीगत अनुदान रु २ करोड २० लाख विशेष अनुदान चाँलु ५० लाख र समपूरक अनुदान पूंजीगत रु १ करोड २९ लाख २० हजार व्यय अनुमान प्राप्त भएको छ।

१४३. विविध समस्याहरूका माझमा हिंड्दै गर्दा अपेक्षित लक्ष्य हासिल गर्न केही समय लाग्न सक्छ तर लक्ष्य पुरा नै नहुने भन्ने होइन । थप समन्वय, सहकार्यका साथ हाम्रा विकास प्रयासहरूलाई अझ मजबुत वनाइँदै लगिने कुरामा तपाइहरूलाई विश्वास दिलाउन चाहन्छु।

मोहन विक्रम सिंह
अध्यक्ष

अनुसुची-०१

## आ.व.२०८२/०८३ अदानचुली गा.पा. जम्मा आयको विवरण

| क्र.स. | तह/प्रकार | समानीकरण अनुदान | सशर्त अनुदान चाँलु रु. | बिशेष अनुदान | समपुरक अनुदान | राजश्व बाँडफाँट | आन्तरिक स्रोतबाट आय | अन्य स्रोत | शसर्त अनुदान पुर्जीगत | संघिय सरकार जम्मा बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | संघिय सरकार | ७ करोड ५ लाख रुपैया | १० करोड ५० लाख रुपैया | १ करोड २७ लाख रुपैया | ८१ लाख रुपैया | ७ करोड ५६ लाख ९५ हजार ५ सय ९९ रुपैया | ० | ० | २ करोड रुपैया | २९ करोड १९ लाख ९५ हजार ५ सय ९९ रुपैया |
| २. | प्रदेश | ८१ लाख ८४ हजार रुपैया | १० लाख ९१ हजार रुपैया | ५० लाख | १ करोड २९ लाख २० हजार रुपैया | ११ लाख ९ हजार १२४ रुपैया | | | २ करोड २० लाख रुपैया | ५ करोड ३ लाख ४ हजार १ सय २४ रुपैया |
| ३. | गा.पा. | ० | ० | ० | ० | ० | १५ लाख रुपैया | ० | ० | १५ लाख रुपैया |

मोहन विक्रम सिंह
अध्यक्ष



CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ७ करोड ८६ लाख ८४ हजार रुपैया | १० करोड ६० लाख ९१ हजार रुपैया | १ करोड ७७ लाख रुपैया | २ करोड १० लाख २० हजार रुपैया | ७ करोड ६८ लाख ४ हजार ७ सय २३ रुपैया | १५ लाख रुपैया | ० | ४ करोड २० लाख रुपैया | ३४ करोड ३७ लाख ९९ हजार ७ सय २३ रुपैया |
| | कुल जम्मा | ३४करोड ३७ लाख ९९ हजार ७ सय २३ रुपैया मात्र । | | | | | | | | |

मोहन विक्रम सिंह
अध्यक्ष

अनुसुची-०२

## आ.व. २०८२/०८३ यस गाउँपालिकाले विनियोजित गरिएको बजेटको विवरण

| शीर्षक | आ. व. २०८२/०८३ |
|---|---|
| आय | ३४ करोड ३७ लाख ९९ हजार ७ सय २३ रुपैया |
| | |
| राजस्व | ७ करोड ८३ लाख ४ हजार७ सय २३ रुपैया |
| आन्तरिक राजस्व | १५ लाख |
| संघिय राजस्व बाँडफाँटबाट प्राप्त | ७ करोड ५६ लाख ९५ हजार ५ सय ९९ रुपैया |
| प्रदेश सवारी साधन करको बाँडफाँट बाट प्राप्त | ११ लाख ९ हजार १ सय २४ रुपैया |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २६ करोड ५४ लाख ९५ हजार |
| संघिय वित्तीय समानिकरण अनुदान | ७ करोड ५ लाख रुपैया |
| संघिय ससर्त अनुदान (चालू) | १० करोड ५० लाख रुपैया |
| संघिय ससर्त अनुदान (पुंजीगत) | २ करोड रुपैया |
| संघिय विषेश अनुदान पूंजीगत | १ करोड २७ लाख रुपैया |
| संघिय समपूरक अनुदान पूंजीगत | ८९ लाख |
| प्रदेश समानिकरण अनुदान | ८१ लाख ८४ हजार रुपैया |
| प्रदेश ससर्त अनुदान (चालू) | १० लाख ९१ हजार रुपैया |
| प्रदेश ससर्त अनुदान (पुंजीगत) | २ करोड २० लाख रुपैया |
| प्रदेश सरकार विशेष अनुदान चाँल | ५० लाख रुपैया |
| प्रदेश समपूरक अनुदान पूंजीगत | १ करोड २९ लाख २० हजार रुपैया |
| जनसहभागिता | - |
| नगद सहभागिता | - |
| श्रम तथा वस्तुगत सहायता | - |
| | |
| व्यय | ३४ करोड ३७ लाख ९९ हजार ७ सय २३ रुपैया |
| चालू खर्च | २२ करोड १५ लाख ९५ हजार ७ सय २३ रुपैया |
| पुंजीगत खर्च | १२ करोड २२ लाख ४ हजार रुपैया |
| बजेट बचत (+)/न्यून(-) | ०/- |
| वित्तीय व्यवस्था | ०/- |

मोहन विक्रम सिंह
अध्यक्ष

| | |
|---|---|
| खुद ऋण लगानी | ०/- |
| ऋण लगानी (-) | ०/- |
| ऋण लगानीको सावाँ फिर्ता प्राप्ति | ०/- |
| खुद ऋण प्राप्ति | ०/- |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | ०/- |

अनुसुची-०३

श्रीमान् सभाध्यक्ष महोदय

उपस्थित महानुभावहरु

१४४. यसरी आ. व. २०८१।०८२ को नीति तथा कार्यक्रम र वजेटको उत्तरार्धमा पुगिरहँदा वजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाउँ सभा, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, वस्तीस्तरीय भेलादेखि सहभागी भइ आयोजना कार्यक्रम छनौंटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, वजेट निर्माण प्रकृयामा अहोरात खटिरहनु भएका कर्मचारी ज्यूहरु लगायत वजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव र सल्लाह दिनुहुने सम्पूर्ण प्रति आभार व्यक्त गर्दछु ।

१४५. अदानचुली गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने अदानचुली गाँउपालिकाका नागरिक कर प्रदायकहरू अदानचुली गाउँपालिकाको हित र समुन्नतिका लागि कार्यरत सवै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरू र संचार माध्यमहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मोहन विक्रम सिंह
अध्यक्ष

कर्ण रोकाया
उपाध्यक्ष, अदानचुली गाउँपालिका

***धन्यवाद***



CamScanner